## नेपाल सरकार
## गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल, नेपाल
# नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय
पोखरा, कास्की (प्रबन्ध शाखा)

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं. APF/SQ/G/01/080/081

**सूचना प्रकाशित मिति २०८०/०९/०२ गते।**

१. आ.व. २०८०/०८१ मा सशस्त्र प्रहरी बल, नेपालको लागि आवश्यक भएका देहाय बमोजिमका मालसामानहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य दरभाउपत्र दाताहरूबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | दरभाउपत्र आव्हान सूचना नं: | मालसामानको विवरण | परिमाण तथा इकाई | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | APF/SQ/G/01/080/081 | बारबेड वायर | दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम | १,०००/- | ३०,०००/- | |

२. दरभाउपत्रदाताले लिखित निवेदनसाथ **VAT/PAN** दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा म्याद थपको विवरण पेश गरी यस कार्यालयमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०८०/०९/१६ गते कार्यालय समयभित्र उल्लेखित सामानहरूको दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्रसाथ कोष तथा लेखा नियन्त्रक कार्यालयका पोखराको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय पृथ्वीचोक, कास्की स्थित धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा यस कार्यालयको कोड नं. ३१४०५३९०१ मा तोकिएको दरभाउपत्र जमानत रकम नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ। सोको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा दरभाउपत्रको मान्य अवधि (४५ दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात ७५ दिन हुनुपर्नेछ।

४. मिति २०८०/०९/ १७ गते १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नुपर्नेछ। उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्रहरू मिति २०८०/०९/१७ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरू, सम्बन्धित दरभाउपत्रदाता वा निजहरूको वारेश प्रतिनिधिहरू एवं खोलुवा समितिको रोहवरमा प्रबन्ध शाखामा खोलिने छ। दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन।

६. दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ। यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ।

७. कुनै वा सबै सिलबन्दी दरभाउपत्रहरू पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत हुनेछ।

८. दरभाउपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसार हुनेछ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं. ९८५१२७२०२५ मा सम्पर्क गर्न सकिनेछ। साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website:www.apf.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा समेत हेर्न सकिनेछ।